# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० मंसिर ३ गते

## आयोगद्वारा उच्चस्तरीय अनुगमन टोली गठन

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न संविधान सभा सदस्यको निर्वाचनमा हुनसक्ने मानव अधिकार हननका घट्नालाई लक्षित गरी देशका ७५ वटै जिल्लामा निर्वाचन अघि अनुगमन टोली खटाइसकेको छ। अनुगमनको क्रममा प्राप्त तथ्यहरूको सम्बन्धमा आयोगले प्रारम्भिक प्रतिवेदन समेत सार्वजनिक गरिसकेको छ। यसै क्रममा अनुगमन कार्यलाई थप प्रभावकारी र विश्वसनीय बनाउन 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' बमोजिम आयोगले विशेषज्ञहरूसमेतको एक उच्चस्तरीय टोली गठन गरेको छ।

उक्त टोलीमा आयोगका पूर्वसदस्यत्रय रामनिगना सिंह, सुशील प्याकुरेल र डा. केबी रोकाया तथा संयुक्त राष्ट्र संघका लागि नेपालका पूर्वस्थायी प्रतिनिधि एवम् पूर्वपरराष्ट्र सचिव मधुरमण आचार्य रहनु हुनेछ। उहाँहरूले काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोकलगायतका जिल्ला तथा आवश्यकताअनुसार देशको कुनै पनि भागमा अनुगमन गर्नुहुनेछ।

(वेदप्रसाद भट्टराई)

कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org